## करार सम्झौता (कबुलियतनामा)

बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) तथा ................................................................ को छोरा/छोरी वर्ष .......... को ........................... प्रदेश ........................... जिल्ला ................................... म.न.पा / उ.म.पा / न.पा / गा.पा .................... बस्ने ........................................................ (यसपछि दोस्रो पक्ष भनिने) बीच नेपाल सरकारको छात्रवृत्तिमा चिकित्साशास्त्र सम्वन्धित विषयमा अध्ययन पूरा गरेका विशेषज्ञ चिकित्सक परिचालन गर्ने सम्बन्धमा सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ बमोजिम यो करार कबुलियतनामा गरिएको छ ।

**करारका शर्तहरुः**

१. विशेषज्ञ चिकित्सकले छात्रवृत्ति ऐन तथा यस कार्यविधि बमोजिम अनिवार्य रुपमा गर्नु पर्ने सेवा अवधिका सम्बन्धमा नेपाल सरकारको छात्रवृत्तिमा चिकित्साशास्त्र सम्वन्धित विषयमा अध्ययन पूरा गरेको हुनाले तपाईलाई नवौ तहको विशेषज्ञ चिकित्सक पदमा न्यूनतम २ (दुई) वर्ष सेवा गर्ने गरी करारमा नियुक्ति गरिएको छ।

२. प्रथम पक्षले तोकेको कार्यालयमा दोस्रो पक्षले सेवा गर्नु पर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यविधिको अनुसूचिमा उल्लेख भए वमोजिमको सेवा सुविधा दिन मञ्जुर गर्दछ। सो बाहेक प्रथम पक्षको अन्य थप दायित्व हुने छैन ।

४. दोस्रो पक्ष यस करारनामा र कार्यविधिमा उल्लेख भएका शर्तहरुमा रही सेवा गर्न तथा कार्यविधिको व्यवस्था पालना गर्न मञ्जुर गर्दछ ।

५. दोस्रो पक्षले करार वमोजिम सेवा पुरा नगरेमा वा कार्यविधि विपरितको काम गरेमा देहायको परिणाम व्यहोर्न मञ्जुर गर्दछः
   (क) सम्बन्धित सुपरिवेक्षकको आधारमा सम्बन्धित कार्यालय प्रमुखले तलब रोक्का गर्ने, गयल कट्टी गर्ने वा ७ दिनको सूचना दिई करार रद्द गर्ने।
   (ख) अध्ययन अवधिमा लागेको खर्चको तीन गुणा रकम सरकारी बाँकी सरह असुल उपर गर्ने।
   (ग) करार अवधि अगावै आफुखुशी सेवा छोड्न चाहेमा अवधिभर लागेको खर्चको तीन गुणा रकम मन्त्रालयमा दाखिला गरेमा सेवाबाट अलग हुन सक्ने।

६. दोस्रो पक्षको अध्ययन अध्यापनमा नेपाल सरकारले कुल खर्च व्यहोरेको छ।

७. दोस्रो पक्षले अध्ययन पश्चात बागमती प्रदेश सरकारले खटाए बमोजिम न्यूनतम एक वर्ष प्रचलित नियमानुसार तोकिएको दुर्गम क्षेत्रमा सेवा नगरी सुगम स्थानमा सरुवा गरिने छैन ।

८. पहिलो पक्षले बागमती प्रदेश भित्रका अस्पतालहरुमा दोस्रो पक्षलाई जुनसुकै वेला पनि खटाउन सकिने छ ।

९. छात्रवृत्तिमा कार्यरत विशेषज्ञ चिकित्सकले कम्तीमा १ वर्ष पूरा नभई नेपाल सरकारको स्वास्थ्य सेवा, नेपाल प्रहरी सेवा,सशस्त्र प्रहरी सेवा, नेपाली सेना तथा यस्तै प्रकृतिका अन्य सेवामा स्थायी नियुक्तिको लागि आवेदन दिँदा अनिवार्य रुपमा मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्नेछ ।

१०.कार्यविधिमा उल्लिखित विषयमा कुनै विवाद भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाट (विशेषज्ञ चिकित्सक)ः** | **प्रथम पक्षको तर्फबाट (मन्त्रालय)ः** |
|---|---|
| दस्तखतः .................................................. | दस्तखतः .................................................. |
| नामः ........................................................ | नामः डा. सुमित्रा गौतम |
| दर्जाः विशेषज्ञ चिकित्सक (नवौं तह - छात्रवृत्ति करार) | दर्जाः प्रदेश सचिव |
| अध्ययनको विधाः............................................. | मितिः |
| मितिः | कार्यालयको छाप |